# महाराजगंज नगरपालिका

## कपिलवस्तु द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ६ मिति : २०८१।१२।२०

## भाग : २

# महाराजगंज नगरपालिका

## कपिलवस्तु, लुम्विनी प्रदेश

## महाराजगंज नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

महाराजगन्ज नगरपालिका अन्तरगत प्रदान गरिने आर्थिक सहायता सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको कार्यविधि २०८१

कार्यपालिकाबाट पारित मिति : २०८१।१२।२०
प्रमाणिकरण मिति : २०८१।१२।२०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा(३) बमोजिम महाराजगंज नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# महाराजगंज नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि-२०८१

प्रस्तावनाः

महाराजगंज नगरपालिकामा रहेका गरिव, विपन्न असहायहरु, दैविप्रकोपबाट प्रभावित, विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, ठूलो शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियासिल संघ, संगठनहरुसंगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा (२) र महाराजगंज नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१ को दफा ४ बमोजिमको अधिकार प्रयोग गरि यो कार्यविधि बनाएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम" महाराजगंज नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि-२०८१" हुनेछ ।

क) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "आर्थिक सहायता भन्नाले "यस कार्यविधि बमोजिम दिईने आर्थिक सहयोग स्वरुपको रकमलाई बुझाउँदछ ।

ख) "अन्य सामाजिक सुरक्षा खर्च भन्नाले "महाराजगंज नगरपालिकाको नगरसभावाट छुट्टाईएको स्वीकृत बार्षिक कार्यक्रमको अन्य सामाजिक सुरक्षा खर्च शिर्षकलाई बुझाउँदछ ।

ग) "नगरपालिका भन्नाले" महाराजगंज नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "कार्यपालिका भन्नाले" महाराजगंज नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "वडा कार्यालय भन्नाले" महाराजगंज नगरपालिका अन्र्तगत रहेको ११ वटै वडालाई सम्झनु पर्दछ ।

च) "प्रमुख भन्नाले" महाराजगंज नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

छ) "उप-प्रमुख भन्नाले" महाराजगंज नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले" महाराजगंज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ) "वडा समिति" भन्नाले ११ वटै वडाका जनप्रतिनिधिको रुपमा निर्वाचित भई बनेको वडा समितिलाई बुझाउँदछ ।

ञ) "न्यायिक समिति" भन्नाले महाराजगंज नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

ट) "पिडित" भन्नाले गरिव तथा विपन्न ब्यक्ति, महाराजगंज नगरपालिका अन्तर्गत बसोबास गर्ने नेपाली नागरिक, जसको निज वा अभिभावकको कुनै आय श्रोत न्यून भएको ।

ठ) "आर्थिक सहायता पाउन योग्य व्यक्ति भन्नाले" मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी, क्यान्सर पीडित व्यक्तिहरु, आर्थिक रूपले कमजोर व्यक्ति, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त एवं पीडित, बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेकोका व्यक्ति, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्यब्यवहारबाट पीडित व्यक्ति, दूर्घटनामा परेको, हात खुट्टा भच्चिएको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, बाबु, आमा वा संरक्षकबाट वञ्चित बालबालिका, अपांगता भएको सुस्त मनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, मधुमेह रोगबाट ग्रसित, वेसहारा वृद्धवृद्धा ,बेवारिसे लास ब्यवस्थापन, बिपन्न परिवारलाई काजक्रिया खर्च तथा वडाले आर्थिक सहायता दिन आवश्यक भनी सिफारिस गरेको व्यक्ति बुझ्नु पर्दछ । सो शब्दले नगरपालिका भित्र सञ्चालन/प्रचलनमा रहेका सामाजिक/सांस्कृतिक पर्व, धार्मिक परम्परा कायम राख्ने गरी बिगत देखि संचालन हुदै आएको पुजा, मेलामा हुने खर्च तथा सुरक्षा निकायहरुलाई बिबिध खर्च वापतको रकम सहयोगको लागि गरिने कार्यक्रम समेतलाई जनाउदछ ।

ड) "परिवार /अभिभावक" भन्नाले पिडितसंग बस्ने वा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नि, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा, दाजु भाई वा सौतेनी आमा सम्झनुपर्दछ ।

ढ) "अभिभावक" पिडित ब्यक्तिलाई पालन पोषण गर्ने आमा, बुवा र आमा वुवा नभए परिवारको जिम्मेवार ब्यक्ति लाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

### आर्थिक सहायता सम्बन्धि मापदण्ड

३. **आर्थिक सहायता**:- (१) १,०००।—देखि २५,०००।- हजार सम्मको आर्थिक सहायता नगर प्रमुखको तोकादेशमा प्रमुख प्रशासकीय अधिकृतबाट भुक्तानी दिने व्यवस्था मिलाउने र सो भन्दा माथिको आर्थिक सहायता नगर कार्यपालिकाको निर्णय बमोजिम दिईनेछ ।

(२) आर्थिक सहायता माग गर्दा तपसील बमोजिम कागजात पेश गर्नु पर्नेछ ।

क) सहायता माग गर्ने स्पष्ट कारण खुलेको निवेदन

ख) नेपाली नागरिकताको प्रतिलिपि

४. **दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः**– (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि नगर प्रमुखले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू. पाँच हजारसम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ ।

५. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः–** (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि नगर कार्यपालिकाको निर्णयानुसार रू. ५,०००।-(पाँच हजार) सम्म आर्थिक सहायता एक पटकको लागी उपलब्ध गराउन सकिनेछ

(२) पीडितलाई न्याय दिलाउन एवं पुनस्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

६. **आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायताः–** (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्यब्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्त मनस्थिति भएको, प्यारालाईसिस भएको ब्यक्ति, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिकाको लागि वडा अध्यक्षको सिफारिसमा रकम रु ५०००।— सम्म तथा नगरप्रमुखको तोकादेश अनुसार रु १००० देखि रू. २५०००। (पच्चीस हजार रुपैयासम्म) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको आर्थिक सहायता सम्बन्धी संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न सकिनेछ ।

७. **आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायताः–** (१) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित सम्बन्धित वडा कार्यालयबाट सिफारिस भएका परिवारका गर्भवती महिला एवं सुत्केरी आमा र बच्चाको पालन पोषणको लागि बढिमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा रू. ५०००।–( पाँच हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ । तर दुई पटकभन्दा बढि गर्भवति हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन ।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

८. **वेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायताः– ज्येष्ठ** नागरिकको हकमा ६० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं. अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा परिच्देछ २ को (३) अनुसार आर्थिक सहायता दिई

पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ । तर सामाजिक सुरक्षा भत्ता पाउनेको हकमा यो प्रावधान लागू हुने छैन ।

**९. धार्मिक पर्व सञ्चालन र सामाजिक संघ संस्थालाई सहयोगः**

(१) महाराजगंज नगरपालिका क्षेत्र भित्र क्रियाशिल (गैर नाफा मुलक) संघ संस्था, स्थानीय क्लब तथा सामाजिक क्षेत्रमा क्रियाशिल संगठित संस्था र सामाजिक तथा मानविय सहयोगमा क्रियाशिल संघ संस्थाले सामाजिक,सांस्कृतिक कार्य गर्न र गत विगतदेखि सञ्चालन हुदै आएका पर्व/मेला सञ्चालनका लागि आर्थिक सहायता माग गरेमा नगर प्रमुखको तोकादेश बमोजिम बढीमा १५०००(पन्ध्र हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।सो भन्दा माथिको रकम (रु २५०००सम्म) सहयोग नगर कार्यपालिकाको बैठकद्धारा अनुमोदन गर्नुपर्नेछ ।

**१०. विरामीको हकमा आर्थिक सहायता उपलब्ध गराउन सकिने अवस्थाः**

(१) नगरपालिकाबाट उपलब्ध गराईने आर्थिक सहायता निम्नानुसारको व्यक्तिलाई हुनेछ ।

क) अति विपन्न परिवारको सदस्यले सम्बन्धीत वडा भित्रको प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीबाट उपचार गर्दा निको नभई सो नगरपालिका भन्दा बाहिर गई जंचाउनु पर्ने अवस्था भएमा ।

ख) चोट पटक, दुर्घटना, दिर्घ रोगका कारण तत्काल अस्पताल पुराउनै पर्ने अवस्था भएमा ।

ग) प्रकृतिक प्रकोपबाट हुन गएको घरगोठ, जीउधनको क्षताको कारण तत्काल राहत उपलब्ध गराउनुपर्ने भएमा ।

## परिच्छेद-३

**११. आर्थिक सहायता उपलब्ध गराउने तरिका**

(१) यस नगरपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराउँदा निम्नानुसारको प्रक्रियाहरु अवलम्बन हुनेछ ।

क) दफा ३ बमोजिम सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र वा सम्बन्धीत ब्यक्ति परिवारको निवेदनको आधारमा नगर प्रमुखबाट सोझै उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यपालिकाको बैठकबाट उपलब्ध गराउने आर्थिक सहयोगको लागि निम्नानुसारको आवश्यक कागजात पेश हुनुपर्ने छ ।

क) सम्बन्धित ब्यक्ति वा निजको अभिभावक वा निजको परिवारको निवेदन ।

ख) सुविधा लिने व्यक्ति को नाम र कार्यालयबाट भुक्तानी दिंदा कुन व्यक्ति वा परिवारको सदस्यले लिने हो सो को स्पष्ट नामसहित वडा कार्यालयको सिफारिस पत्र र भुक्तानी लिने ब्यक्तिको नामसमेत उल्लेख भएको सिफारिस पत्र ।

ग) उपरोक्त बमोजिमको आर्थिक सहायताको रकम नगरसभाबाट छुट्टाईएको अन्य सामाजिक सुरक्षा शिर्षकबाट उपलब्ध हुनेछ ।

घ) उपरोक्त शिर्षक नगरपालिकाको आन्तरिक आयको श्रोतबाट व्यवस्था गर्नुपर्नेछ ।

ङ) बर्षभरि उपलब्ध भएका आर्थिक सहायताहरु नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

च) विरामीको हकमा निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी । साथै सम्वन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित महाराजगंज नगरपालिका स्वास्थ्य शाखाको सिफारिस पत्र संलग्न गर्नु पर्नेछ तर कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल वोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ । मेडिकल वोर्डको सिफारिस सहित सहयोग माग भएको हकमा महाराजगंज नगर कार्यपालिकाको वैठकमा पेश गरी निर्णय भए वमोजिम थप रु ५,०००।- देखि २५,०००।- (पाँच हजार देखि पच्चीस हजार सम्म) सहयोग उपलव्ध गराउन सकिनेछ ।

**१२. स्वीकृत आर्थिक सहयोगको भुक्तानी**

क) कार्यपालिकाको बैठकबाट आर्थिक सहयोग दिने निर्णय गर्दा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार जुन प्रकृतिको सहयोग हो सोही अनुसारको सहयोग शिर्षकबाट भुक्तानी व्यवस्था मिलाउनुपर्नेछ ।यसरी सहयोगको शिर्षक तोक्दा आन्तरिक आम्दानीबाट छुट्टाईएको कार्यक्रम शिर्षकबाट मात्र तोक्नुपर्नेछ ।

**१३. यसै कार्यविधि बमोजिम भए गरेको मानिने:**

यस अघि यस नगरपालिकाबाट भएका वा दिइएका आर्थिक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**१४.बाधा अडकाउः** यस कार्यबिधीमा कुनै समस्या आएमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

प्रमाणिकरण मिति : २०८१।१२।२०

,

आज्ञाले,

दिपेन्द्र रेग्मी

प्रमुख प्रशासकिय अधिकृत